"समृद्ध छथर निर्माणको आधार: शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

कोशी, प्रदेश नेपाल

प.सं.:२०८०/०८१

च.नं.: ६४९

फोन नं ०२६-४२००९९

मितिः २०८०।०८।२४

विषयः प्रस्तावना पेश गर्ने सम्बन्धमा।

श्री सबै समुदायिक विद्यालयहरु,
छथर गाउँपालिका,तेह्रथुम ।

प्रस्तुत विषयमा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षक अन्तर्गत विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फर्निसिङ,किताब खरिद तथा इ-पुस्तकालय समेत) अनुदान (एक कोटा), विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान (एक कोटा) वितरणको लागि विद्यालय छनोट गर्नुपर्ने भएकोले यसै पत्रसाथ संलग्न तपसिलका ढाँचा र आधारहरुमा आधारित भई गत आ.व. मा यस खालको अनुदान प्राप्त नगरेका र दोहोरो नपर्ने गरी इच्छुक विद्यालयहरुले आफुलाई आवश्यक र छनोटमा पर्न सक्ने सम्भावित कार्यक्रमहरुको छुट्टा छुट्टै प्रस्तावना तयार गरी विद्यालय व्यवस्थापन समितिको निर्णयसहित मिति २०८०/०९/१५ गते कार्यालय समयभित्रमा शिक्षा,युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

प्राथमिकता वा छनोटका आधारहरु

१. विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थान (फर्निसिङ,किताब खरिद तथा इ-पुस्तकालय समेत) अनुदान-(रु.६५००००)
   - पुस्तकालय नभएका माध्यमिक विद्यालय
   - गत विगत आ.व.मा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालय
   - विद्यार्थी संख्या उच्च रहेका विद्यालय
   - विद्यालयमा नै विद्यार्थीहरुलाई दिवा खाजा तयार गरी खुवाउने व्यवस्था गरेका विद्यालय
   - पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालय
   - विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना पेश गर्ने विद्यालय
   - स्थानीय तहका सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित भए उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रममा अगाडि भएको आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालय पनि छनोटमा पर्न सक्ने।

२. विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान (रु.६५००००)
   - विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्तावना पेश गर्ने विद्यालय
   - विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालय
   - अध्ययनरत उच्च विद्यार्थी संख्या रहेको विद्यालय
   - विद्यालयमा नै विद्यार्थीहरुलाई दिवा खाजा तयार गरी खुवाउने व्यवस्था गरेका विद्यालय
   - विद्यालयको जेष्ठता
   - विज्ञान विषयको शिक्षक भएको तथा प्राप्त स्रोत साधनको अधिकतम उपयोग गर्ने प्रतिवद्धता पत्र
   - स्थानीय तहका सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित भए उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रममा अगाडि भएको आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालय पनि छनोटमा पर्न सक्ने।

डण्डिकेशर खनाल
शिक्षा अधिकृत

"मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणको लागि"

Email : chhathargaupalika@gmail.com, www.chhatharmun.gov.np